# एनआइएमबि एस क्यापिटल लिमिटेडको

## एघारौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८० पौष ३ गते मंगलबार)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/०९/०२ गतेका दिन बसेको संचालक समितिको ११६औं बैठकले निर्णय गरे अनुसार यस कम्पनीको एघारौं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०८०/०९/२५ गते (तद्नुसार जनवरी १०, २०२४), बुधबार ।
**समय** : बिहान १०:३० बजे ।
**स्थान** : एनआइएमबि एस क्यापिटल लि. को सभाहल, लाजिम्पाट, काठमाण्डौं ।

**छलफलका बिषय**

**क) सामान्य प्रस्तावहरू :**

१) आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ ३१, २०८० मा समाप्त भएको आर्थिक वर्षको वासलात, तथा सोही मितिमा समाप्त भएको आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।
३) सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम २५ प्रतिशत नगद लाभांश (रु.४७,००,००,०००/- चुक्ता पूँजीको २५ प्रतिशतले हुन आउने रकम रु.११,७५,००,०००/-) कर सहित वितरण गर्ने प्रस्ताव पारित गर्ने ।
४) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षण गर्न संचालक समितिको सिफारिस मुताबिक लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने ।

**ख) विशेष प्रस्तावहरू :**

१) कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने विशेष प्रस्ताव पारित गर्ने ।
२) कम्पनीको हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धी प्रस्ताव बारे छलफल तथा पारित गर्ने ।
३) विशेष प्रस्तावका संशोधनहरुबाट प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन र थप उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा सो मुताविक संशोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने ।
४) आर्थिक वर्ष २०७९/०८० मा कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिएको अनुदान/दान रकम पारित गर्ने ।

**ग) विविध ।**

संचालक समितिको आज्ञाले
**कम्पनी सचिव**

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

**एनआइएमबि एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४५२५२८०, फ्याक्सः ४००५०८४
इमेलः info@nimbacecapital.com, वेबसाइटः www.nimbacecapital.com